नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६०८ मिति :- २०७०/९/१८

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरू ।

विषय :- वैदेशिक रोजगारमा पठाउने कम्पनीहरुले परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न पाउने सुविधा सम्वन्धमा ।

महाशय,

नेपालबाट वैदेशिक रोजगारमा कामदार पठाउने वैदेशिक रोजगार फर्म/कम्पनी/संस्थाहरुले परिवर्त्य विदेशी मुद्रामा खाता खोल्ने, संचालन गर्ने सुविधा सम्वन्धमा देहायको व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. नेपाल वैदेशिक रोजगार संघको सिफारिसमा वैदेशिक रोजगार व्यवसायी फर्म/कम्पनी/संस्थाहरुले परिवर्त्य विदेशी मुद्रामा यस बैंकबाट इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरूमा खाता खोल्न सक्नेछन् ।

२. वैदेशिक रोजगार व्यवसायी फर्म/कम्पनी/संस्थाहरुले विदेशस्थित एजेन्टहरुबाट विदेशी मुद्रामा प्राप्त गर्ने सम्पूर्ण कमिशन, शुल्क आदि बैकिंग प्रणाली मार्फत आफ्नो विदेशी मुद्राको खातामा जम्मा गर्न सक्नेछन् ।

३. वैदेशिक रोजगार व्यवसायी फर्म/कम्पनी/संस्थाहरुले विदेशमा भुक्तानी गर्नुपर्ने सेवा शुल्क, कमिशन, एजेन्सी शुल्क, रिसोर्सिङ्ग शुल्क आदि वील भरपाई/इन्भ्वाईसको आधारमा सटही गरी इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरू मार्फत भुक्तानी पठाउन सक्नेछन् ।

४. वार्षिक १०० (एकसय) सम्म कामदार पठाउने वैदेशिक रोजगार व्यवसायी फर्म/कम्पनी/संस्थाहरुको व्यापार प्रवर्द्धन खर्च, मनोरन्जन खर्च वापत व्यवसायीहरु वैदेशिक भ्रमणमा जांदा निवेदनको आधारमा आफ्नो विदेशी मुद्रा खाताबाट बैंक तथा वित्तीय संस्थाहरुले बर्षमा एक पटक वा पटक पटक गरी वढीमा अमेरिकी डलर १०,०००/- सम्म सटही सुविधा दिन सकिनेछ । यो सुविधा वर्षमा १०० जना भन्दा वढी कामदार पठाउने वैदेशिक रोजगार कम्पनीहरुको हकमा भने बर्षमा एक पटक वा पटक पटक गरी वढीमा अमेरिकी डलर २०,०००/- सम्मको सटही सुविधा दिन सकिनेछ ।

क्रमश:

५. इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरूले यसरी सटही दिएको विवरण त्रैमासिक रुपमा यस बैंकलाई उपलब्ध गराउनु पर्नेछ ।

भवदीय,

(विष्णु नेपाल)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, काठमाण्डौ ।